नेपाल सरकार
भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय,दोलखा

फोन नं.
०४९-४२१११९
Web :dolakha@dolma.gov.np
चरिकोट, दोलखा ।

प.सं.२०८२/०८३
च.नं.

मिति :- २०८२/०७/२१

# सूचना ! सूचना !! सूचना !!!

## मालपोत कार्यालय दोलखाबाट जारी भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

दोलखा जिल्ला मेलुङ गाउँपालिका वडा नं. १ बस्ने दालचिनी विमलीले मेरा पति चन्द्र बहादुर विमली तथा जेठाजु लाल बहादुर विमलीका सयुक्त नाउँमा नापनक्सा भएको तपशिलमा उल्लेख भएको कित्ता जग्गा दर्ता नहुँदै जेठाजु लाल बहादुर विमलीको मिति २०६०।१२।१५ मा अविवाहित अवस्थामा परलोक भएको र पति चन्द्र बहादुर विमलीको मिति २०७६।०६।१० मा परलोक भएको निजहरुको परलोक पश्चातका हकदार म निवेदिका मात्र भएको हुँदा मेरा नाउँमा छुट जग्गा दर्ता गरिपाउँ भनि माग निवेदन पेश भएको हुँदा उक्त जग्गाका वास्तविक जग्गाधनी को हुन् ? उक्त कित्ता जग्गा जग्गा सरकारी, सार्वजनिक, विर्ता वा गुठी अन्तर्गतको हो, होइन ? निवेदकका नाममा रैकर तर्फ छुट जग्गा दर्ता नामसारी नहुनु पर्ने भए वा निवेदक बाहेक अरुको समेत हक लाग्ने भए यो सूचना प्रकशित भएको मितिले ३५ ( पैतीस ) दिन भित्र स-प्रमाण दावी गर्न आउनु होला । अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपशिल: (फिल्डबुकको विवरण)

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ | जग्गावालाको नाम, थर | विरह/प्रमाण संकेत | कैफियत |
|---|---|---|---|---|---|---|
| शैलुङ्गेश्वर | २ | ६३६ | ५२० ब.मी. | लाल बहादुर विमली<br>चन्द्र बहादुर विमली<br>गा.वि.स. पवटी<br>वडा नं. ५ | बाँझो/चाहार<br>/ नुनथलो जि.म. निल प्रसाद | |
| शैलुङ्गेश्वर | २ | ६५६ | २७३५ ब.मी. | लाल बहादुर विमली<br>चन्द्र बहादुर विमली<br>गा.वि.स. शैलुङ्गेश्वरी<br>वडा नं. ५ | बाँझो/चाहार<br>/शेर्पाचौर जि.म. निल प्रसाद | |

पुनश्च:-
निवेदकले सो जग्गाको साविक तिरो निवेदन साथ पेश गरेको । यस कार्यालयमा रहेको साबिक लगत अनुसूचि तथा ७ नं. फाँटबारी लगायतका कागजात द्वन्दको समयमा जलेको व्यहोरा समेत अवतग गराईन्छ । साथै फिल्डबुकमा लाल बहादुर विमली र चन्द्र बहादुर विमलीको ठेगाना पवटी गा.वि.स. वडा नं. ५ र शैलुङ्गेश्वरी गा.वि.स. वडा नं. ५ भएको, उक्त वतन फरक भएता पनि निजहरुको वतन पवटी वडा नं. ५ भएकाले वतन सुधार गरी छुट जग्गा नामसारी गरिदिन भनि मेलुङ गाउँपालिका वडा नं. १ को सिफारिसमा लेखि आएको व्यहोरा समेत अनुरोध छ ।